# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

९ मंसिर, २०७८

### महिला हिंसा न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न आग्रह

"Orange the World : End Violence Against Women Now" भन्ने विश्वव्यापी नाराका साथै 'घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं' भन्ने घरेलु नाराका साथ आजबाट महिला हिंसा विरुद्धको १६ दिने अभियान (२५ नोभेम्बर - १० डिसेम्बर) प्रारम्भ भएको छ । राष्ट्रिय मानव अधिकार आयोग यस अभियानलाई प्रभावकारी र अर्थपूर्ण रुपमा मनाउन मानव अधिकारकर्मी, नागरिक समाजलगायत सरोकारवाला सबैलाई आह्वान गर्दछ ।

विभिन्न समाचार माध्यम र आयोगमा प्राप्त महिला हिंसा सम्वन्धी उजुरीको आधारमा विश्लेषण गर्दा नेपालमा महिला हिंसाका अधिकांश घटना घरभित्रै हुने र परिवारकै सदस्यको संलग्नता देखिने गरेकोले घरभित्र हुने महिला हिंसाको अन्त्य हुन सकेमा महिला हिंसाको न्यूनीकरणमा ठूलो उपलब्धि हुने देखिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले महिला हिंसाको अवस्था, स्वरुप, कारण र न्यूनीकरणका उपायलगायतका विषयमा केन्द्रित भएर अनुगमन/अनुसन्धान (Research) गरी प्रतिवेदन सार्वजनिक गर्ने भएको छ ।

अत: महिला हिंसा न्यूनीकरण र अन्त्यका लागि प्रभावकारी नीति तथा कार्यक्रम ल्याउन, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७ को प्रभावकारी कार्यान्वयन गर्न र ती ऐन र नियमावलीलाई समयसापेक्ष संशोधन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, घरेलु हिंसाको न्यूनीकरणका लागि आआफ्नो क्षेत्रबाट भूमिका खेल्न मानव अधिकारकर्मी, नागरिक समाज, घर परिवारलगायत सम्वद्ध सवै पक्षलाई समेत आयोग अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल  
प्रवक्ता  
(सह-सचिव)


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal  
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org